आज मिति २०८२/०९/०६ गतेको दिन बिहान ९:३० बजे यस ब्रह्मपुरी गाउँ कार्यपालिका प्रमुख श्री राम पदारथ साह तेलि ज्युको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न अनुसारको पदाधिकारिको उपस्थितिमा निम्न अनुसारको निर्णय गरियो।

उपस्थिति

| | | |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष श्री राम पदारथ साह तेली | अध्यक्ष |
| २. | गाउँपालिका उपाध्यक्ष श्री श्यामकला यादव | सदस्य |
| ३. | वडा नं. १ अध्यक्ष श्री निरन्जन प्रसाद कलवार | सदस्य |
| ४. | वडा नं. २ अध्यक्ष श्री शंकर साह | सदस्य |
| ५. | वडा नं. ३ अध्यक्ष श्री गौतम कुमार यादव | सदस्य |
| ६. | वडा नं. ४ अध्यक्ष श्री श्यामा बाबु साह | सदस्य |
| ७. | वडा नं. ५ अध्यक्ष श्री नबिन कुमार यादव | सदस्य |
| ८. | वडा नं. ६ अध्यक्ष श्री हिरेन्द्र कुमार यादव | सदस्य |
| ९. | वडा नं. ७ अध्यक्ष श्री राम सागर महतो कोइरी | सदस्य |
| १०. | का. स. श्री विना कुमारी देवी | सदस्य |
| ११. | का. स. श्री दशरथ साह कानु | सदस्य |
| १२. | का. स. श्री पल्टु माझी | सदस्य |
| १३. | का. स. श्री रेखा कुमारी महतो | सदस्य |
| १४. | का. स. श्री शिव दुलारी देवी | सदस्य |
| १५. | का. स. श्री शान्ति देवी | सदस्य |
| १६. | प्रमुख प्रशासकीय अधिकृत श्री धनन्जय प्रसाद दास | सदस्य सचिव |

आमन्त्रित

| | | |
|---|---|---|
| १७. | प्रशासन शाखाप्रमुख श्री रामा कान्त शाह | ज.स्वा.नि.(छैठौं) |
| १८. | स्वास्थ्य संयोजक श्री उपेन्द्र राउत | ज.स्वा.अ(सातौं) |

प्रस्ताव नं.१ ब्रह्मपुरी गाउँपालिकाको प्रतीक चिन्ह (लोगो) निर्माण गर्ने सम्बन्धमा ।

निर्णय नं. १ प्रस्ताव नं.१ माथि छलफल गर्दा यस ब्रह्मपुरी गाउँपालिका, गाउँ कार्यपालिकाको ब्रह्मपुरी गाउँपालिकाको ऐतिहासिक, भौगोलिक, प्राकृतिक, सामाजिक, आर्थिक, पर्यटकीय, साँस्कृतिक एवम् विशिष्ट मौलिक पहिचान झल्कने प्रतीक चिन्ह (लोगो) बनाउनु पर्ने भएकोले इच्छुक व्यक्तिले सुचनामा तोकिने शर्त बमोजिमको प्रतिक चिन्ह (लोगो) डिजाइन गरी १५ (पन्ध्र) दिन भित्र सिलबन्दी रुपमा यस कार्यालयमा पेश गर्ने गरी सूचना प्रकाशन को लागि कार्यालयलाई निर्देशन दिने साथै तपसिल अनुसारका छनौट समितिबाट छनौटमा पर्ने उत्कृष्ट लोगो निर्माणकर्तालाई प्रमाणपत्र साथ रकम रु ३०,०००/- नगद पुरस्कार प्रदान गर्ने निर्णय गरियो ।

CamScanner

प्रतीक चिन्ह (लोगो) छनौट समितिः-

१. प्र.प्र.अ - संयोजक
२. योजना शाखा प्रमुख - सदस्य
३. सुचना प्रविधी अधिकृत -सदस्य
४. प्रशासन शाखा प्रमुख - सदस्य
५. विज्ञ -सदस्य

प्रस्ताव नं.२ कर्मचारी खटनपटन गर्ने सम्बन्धमा

निर्णय नं. २ प्रस्ताव नं.२ माथि छलफल गर्दा यस ब्रह्मपुरी गाँउपालिका मातहतका कार्यालय र स्वास्थ्य संस्थाहरु बाट प्रवाह हुने सेवा तथा सम्पादित हुने कामकारवाहीलाई प्रवाह हुने सेवा तथा सम्पादित हुने कामकारवाहीलाई थप व्यवस्थित बनाउन कर्माचारीहरुलाई देहाय बमोजिम खटनपटन गर्न निर्णय गरियो ।

| क्र.स | नाम | पद | यस अघि कार्यरत निकाय | हाल कामकाजमा खटाइएको स्थान |
|---|---|---|---|---|
| १ | जैचन्द राय | सि.अ.हे.व.अ | नोकैल्वा स्वा.चौकी | आ.भु.स्वा.के.पडरिया |
| २ | श्री सुरेन्द्र कु. यादव | ज.स्वा.नी | आ.भु.स्वा.के.पडरिया | नोकैल्वा स्वा.चौकी |
| ३ | श्री हरिश्चन्द्र यादव | सि.अ.हे.व | नोकैल्वा स्वा.चौकी | त्रिभुवन नगर स्वा.चौकी |
| ४ | श्री नथुनि महतो | सि.अ.हे.व.अ | ब्रह्मपुरी स्वा.चौकी | आ.भु.स्वा.के.ब्रह्मपुरी-१ |

प्रस्ताव नं.३ बिगेको बैट्रीहरुलाई नयाँ लिने पुरानो दिने( बाई व्याक मेथड) विधिबाट खरिद गर्ने सम्बन्धमा ।

निर्णय नं.३ प्रस्ताव नं.३ माथि छलफल गर्दा यस गाउँपालिकामा प्रयोगहिन र औचित्यहिन रुपमा रहेका वैट्री भण्डारण गरी राख्न नमिल्ने, तोकिको वारेण्टी वा ग्यारेनटीको समयसीमा अवधि पूरा भइसकेको र मर्मत सम्भार गरी सञ्चालनमा ल्याउदा पनि प्रभावकारी नहुने भएको हुनाले सम्बन्धित उत्पादक वा आधिकारिक बिक्रेता वा आपुर्तिकर्तालाई फिर्ता दिई सोही प्रकृति नयाँ लिने उपयुक्त भएकोले सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१(घ) बमोजिमको खरिद विधि अपनाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

प्रस्ताव नं.४ गाउँ प्रहरी व्यवस्थापन कार्यविधि,२०८१(पहिलो संशोधन) लाई पुनःसंशोधन गर्ने सम्बन्धमा ।

निर्णय नं. ४ प्रस्ताव नं.४ माथि छलफल गर्दा स्थानिय सरकार संञ्चालन ऐन २०७४ को दफा ११को उपदफा (२) क (१) र दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी ब्रह्मपुरी गाउँपालिकाले गाउँ प्रहरी व्यवस्थापन कार्यविधि,२०७७ बनाइएको हुनाले उक्त कार्याविधि (पहिलो संशोधन),२०८१मा पनि केही बुदाहरु संशोधन गर्नु पर्ने देखिएकोले तपसिलमा उल्लेख भए बमोजिमको बुँदा संशोधन गरी ब्रह्मपुरी गाउँपालिकाले गाउँ प्रहरी व्यवस्थापन कार्यविधि,२०८२(दोस्रो संशोधन) कार्यान्वयनमा ल्याउने निर्णय गरियो।

| कार्यविधिको दफा नं. | शिर्षक | भएको बुँदा | हुनु पर्ने बुँदा |
|---|---|---|---|
| दफा ३को (क) को (१) | गाउँ प्रहरी सहायक निरिक्षक को श्रेणी र पद | सहायक स्तर पाँचौ (बरिष्ठ गाउँ प्रहरी नै गाउँ प्रहरीको कमाण्डर हुनेछ) | सहायक स्तर चौथो तह(गाउँ प्रहरी सहायक निरिक्षक नै गाउँ प्रहरीको कमाण्डर हुनेछ) |
| दफा ३को (क) को (२) | वरिष्ठ गाउँ प्रहरी को श्रेणी र पद | राजपत्र अनङ्कित चतिर्थ | सहायक स्तर तेस्रो तह |
| दफा ३को (क) को (३) | गाउँ प्रहरीको श्रेणी र पद | श्रेणी विहिन | सहायक स्तर तेस्रो तह |
| दफा ८को (क)को (५) | पदपुर्ति समितिको काम,कर्तव्य र अधिकार | विज्ञापनमा महिला र पुरुष संख्या तोक्ने | विज्ञापनमा महिला र पुरुष संख्या तोक्ने तर महिलामा आवेदन पर्न नआएमा वा महिला छनौट नभएमा पुरुष आवेदकबाट पदपुर्ति गर्न हुनै बाधा पर्ने छैन। |

CamScanner

प्रस्ताव नं.२ बिगतका गाउँ प्रहरी भर्ना प्रकृया रद्द गरी पुनः गाउँ प्रहरी भर्ना सम्बन्धमा ।

निर्णय नं.२ प्रस्ताव नं.२ माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यालयबाट मिति २०८१।०८।१० गते *विज्ञापन नं. ३/२०८१।०८२ गाउँ प्रहरी सहायक निरिक्षक पद, विज्ञापन नं. ४/२०८१।०८२ वरिष्ठ गाउँ प्रहरी (हवल्दार) पद र विज्ञापन नं. ०५।२०८१।०८२ गाउँ प्रहरी जवान* पदका लागि (प्रथम पटक) प्रकाशित सुचनामा हालसम्म कुनै पनि कार्यवाही (छनोट प्रक्रिया, परीक्षा, अन्तर्वार्ता आदि) अगाडि बढ्न नसकेकोल साथै १ वर्षको समयावधि नाघीसकेकोले उक्त पदहरुको पदपुर्ति गर्नका लागि प्रकाशित तत् विज्ञापन नं. का सम्पुर्ण परिक्षा प्रकृया रद्द गरी सम्बन्धित सम्पुर्ण परिक्षार्थिहरुलाई बैंकमा दाखिला गरेको दरखास्त दस्तुर बैंक दाखिला रसिदका आधारमा फिर्ता गर्ने र सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा वार्थिङ्ग सेन्टर लगायत पालिकाभित्र शान्ति सुरक्षा तथा कार्यालयको सम्पतिको सुरक्षा गर्न अति आवश्यक भएकोले तपसिलमा उल्लेखित गाउँ प्रहरीका पदहरुमा (ब्रह्मपुरी गाउँपालिका गाउँ प्रहरी व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८१ पहिलो संशोधन सहित अनुसार) सेवा करारमा पुनःभर्ना प्रकृया अगाडी वढाइ पदपुर्ति गर्ने निर्णय गरियो ।कार्य यथाशिघ्र कार्यान्वयन गर्न तथा प्रकृया अगाडी वढाउन गाउँपालिकाको प्रमूख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।साथै राजश्व फिर्ता तथा पदपुर्ति गर्न लाग्ने खर्च र नियुक्त हुने गाउँ प्रहरीहरुको पारिश्रमिकको लागि विशेष गाउँसभावाट आवश्यक बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

| क.सं | पद | श्रेणी/ तह | माग संख्या |
|---|---|---|---|
| १ | गाउँप्रहरी सहायक निरीक्षक | चौथों तह | १ |
| २ | वरिष्ठ गाउँ प्रहरी (हवल्दार) | तेस्रो तह | २ |
| ३ | गाउँ प्रहरी जवान | तेस्रो तह | ८ |